कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल माघ ३० गते शुक्रबार को बैठकबाट भएका निर्णयहरु

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जुम्ला जिल्ला गुठिचौर गा.पा. को वडा संख्या र सिमाना हेरफेर गर्न नेपाल सरकार समक्ष पठाउने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालयको खर्च शिर्षक नं. ३१११२ मा प्रहरी भवन निर्माण सम्बन्धी ७ करोड रकम विनियोजन भएको उक्त प्रहरी भवन संरचना निर्माण पुरा गर्न जिल्ला प्रहरी कार्यालयहरुलाई निकाशा गर्ने गरी कर्णाली प्रदेश प्रहरी कार्यालयबाट रु.१२,५९,०२,९७८।८३ (अक्षरुपीः बाह्र करोड उनन्साठी लाख दुई हजार नौं सय अठहत्तर रुपैयाँ पैसा त्रियासी मात्र) रुपैयाँ माग भई आएकोले सम्झौता अनुसारको रकम मध्ये रु.७ करोड यस मन्त्रालयमा विनियोजित रकमबाट व्यहोर्ने गरी हस्तान्तरण गर्ने र अपुग रकम रु.५,५९,०२,९७८।८३ (अक्षरुपीः पाँच करोड उन्साठी लाख दुइ हजार नौं सय अठहत्तर रुपैया पैसा त्रियासी मात्र) रकम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकाशा गर्ने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सशस्त्र प्रहरी गण मूख्यालय र नेपाल पुलिस स्कुल पञ्चलिला परिसर भित्र अस्थायी संरचना निर्माणको लागि रु ४० लाख रकम स्विकृति प्रदान गर्ने। |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेशको प्रथम पञ्चबर्षिय योजना (२०७६/०७७-२०८०/०८१) मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा अन्तर्गतका करारका कर्मचारीहरुको म्याद थप गर्ने। |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने। |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेशभर हरेक वर्ष फागुण ६ गते प्राङ्गारिक कृषि दिवश मनाउने। |
| ८. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नेपाल कृषि सेवा अन्तर्गतका करारका कर्मचारीहरुको म्याद थप गर्ने। |
| ९. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नापि/मालपोत कार्यालय सुर्खेतको सेवा ब्यवस्थापनका लागी १४ लाख ७५ हजार रुपैयाँ र मालपोत कार्यालय सुर्खेतको पुर्वाधार निर्माणका लागि ४६ लाख रुपैयाँ बजेट बिनियोजन गर्ने। |
| १०. | भौतिक पूर्वाधार विकास मन्त्रालय | खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालय सुर्खेत, पूर्वाधार विकास कार्यालय जुम्ला र पूर्वाधार विकास निर्देशनालय सुर्खेतका बिभिन्न ठेक्काहरुको मूल्यँकन प्रकृयामा महादेब खिम्ती सम्मिलित जेभी बोलपत्र मूल्याँकन प्रकृयामा सहभागी नगराउने। |